सङ्घीय संसद

राष्ट्रिय सभा

विधायन व्यवस्थापन समिति

# खानेपानी तथा सरसफाइ विधेयक, २०७६ सम्बन्धी प्रतिवेदन

सङ्घीय संसद

राष्ट्रिय सभा

सिंहदरवार, काठमाडौं ।

संघीय संसद
राष्ट्रिय सभा
# विधायन व्यवस्थापन समिति

प्रतिनिधि सभामा उत्पत्ति भई विकास तथा प्रविधि समितिको प्रतिवेदन सहित उक्त सभाबाट पारित भएको

## खानेपानी तथा सरसफाइ विधेयक, २०७६ सम्बन्धी प्रतिवेदन

१. विकास तथा प्रविधि समितिको प्रतिवेदन (यसपछि "प्रतिवेदन" भनिएको) को बुँदा नं. १ ले खानेपानी तथा सरसफाइ विधेयक, २०७६ (यसपछि "विधेयक" भनिएको) को प्रस्तावनामा गरेको संशोधनको सट्टा विधेयकको व्यवस्था नै यथावत् राख्ने ।

२. विधेयकको दफा १ को,-

(१) उपदफा (१) मा प्रतिवेदनको बुँदा २ ले गरेको संशोधनमा रहेका "२०७७" भन्ने अङ्कहरूको सट्टा "२०७९" भन्ने अङ्कहरू राख्ने ।

(२) उपदफा (२) मा रहेको "तुरुन्त" भन्ने शब्दहरूको सट्टा "प्रमाणीकरण भएको एकतीसौं दिनदेखि" भन्ने शब्दहरू राख्ने ।

३. विधेयकको दफा २ को खण्ड (ख) लगायत विधेयकको ठाउँ-ठाउँमा रहेको "व्यवसायिक" भन्ने शब्दको सट्टा "व्यावसायिक" भन्ने शब्द राख्ने ।

४. विधेयकको दफा ३ को उपदफा (२) को,-

(१) खण्ड (क) मा प्रतिवेदनको बुँदा ४ को उपबुँदा (१) ले गरेको संशोधनमा रहेका "सहज, सुलभ र पहुँचको" भन्ने शब्दहरूको सट्टा "सहज र सुलभ पहुँचको" भन्ने शब्दहरू राख्ने ।

(२) खण्ड (ग) मा प्रतिवेदनको बुँदा ४ को उपबुँदा (२) ले गरेको संशोधनमा रहेका "सरसफाइ सेवामा सहज, सुलभ र पहुँचको" भन्ने शब्दहरूको सट्टा "सरसफाइ सेवामा सहज र सुलभ पहुँचको" भन्ने शब्दहरू राख्ने ।

५. प्रतिवेदनको बुँदा ५ को उपबुँदा (१) झिकी विधेयकको व्यवस्था यथावत् राख्ने ।

६. विधेयकको दफा ५ को उपदफा (२) को,-

(१) खण्ड (च) को अन्त्यमा "र" भन्ने शब्द थप्ने ।

(२) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राख्नेः-

"(छ) खानेपानीको स्रोत र मुहान संरक्षण सम्बन्धी अन्य कार्य गर्ने ।"

७. प्रतिवेदनको बुँदा ६ ले विधेयकको दफा ६ मा गरेको संशोधन सहितको दफाको सट्टा देहायको दफा ६ राख्नेः-

"६. <u>नागरिकको कर्तव्य</u>ः पानीको मूल वा मुहान सफा राख्नु, संरक्षण र संवर्द्धन गर्नु र दिगोरुपले उपयोग गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।"

८. विधेयकको दफा ७ को,-

(१) उपदफा (४) मा रहेका "खानेपानी प्रणालीबाट" भन्ने शब्दहरूपछि "तोकिएको परिमाणमा" भन्ने शब्दहरू थप्ने ।

(२) उपदफा (७) र प्रतिवेदनको बुँदा ७ को उपबुँदा (२) ले राखेको उपदफा (७) झिक्ने ।

९. प्रतिवेदनको बुँदा ८ ले विधेयकको दफा ८ को सट्टा राखेको दफा ८ को,-

(१) उपदफा (२) को खण्ड (क) को स्पष्टीकरणमा रहेका "यस खण्ड प्रयोजनको" भन्ने शब्दहरूको सट्टा "यस खण्डको प्रयोजनको" भन्ने शब्दहरू राख्ने ।

(१) उपदफा (२) को खण्ड (ङ) को अन्त्यमा "र" भन्ने शब्द थप्ने ।

(२) उपदफा (४) मा रहेको "भौगोलिक" भन्ने शब्द झिक्ने ।

(३) उपदफा (६) मा रहेका "(४) र (५)" भन्ने शब्दहरूको सट्टा "(४) वा (५)" भन्ने शब्दहरू राखी यसैमा रहेका "प्रदेश तथा स्थानीय तहको" भन्ने शब्दहरूको सट्टा "प्रदेश वा स्थानीय तहको" भन्ने शब्दहरू राख्ने ।

१०. प्रतिवेदनको बुँदा ९ झिकी विधेयकको दफा ९ को उपदफा (२) को,-

(१) खण्ड (ख) पछि देहायको खण्ड (ग) राखी त्यसपछिको खण्डक्रम मिलाउनेः-

"(ग) यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम दर्ता भई खानेपानी संरक्षण, संवर्द्धनको कार्य र खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गरिरहेका नाफारहित सामुदायिक संस्था वा उपभोक्ता समूहहरूले त्यस्तो कार्य तथा सेवा सञ्चालन गर्न,"

(२) उपदफा २ पछि देहायको उपदफा (३) राख्नेः-

"(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम दर्ता भई खानेपानी संरक्षण, संवर्द्धन र खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गरिरहेका नाफारहित सामुदायिक संस्था वा उपभोक्ता समूहहरू यो ऐन प्रारम्भ भएको एक वर्षभित्र सम्बन्धित स्थानीय तहमा सूचीकृत हुनु पर्नेछ ।"

११. विधेयकको दफा १० को,-

(१) उपदफा (१) को अन्तमा देहायको स्पष्टीकरण राख्ने:-

"<u>स्पष्टीकरण</u>: यस परिच्छेदको प्रयोजनको लागि "तोकिएको अधिकारी" भन्नाले नेपाल सरकारको हकमा खानेपानी मन्त्रालयले तोकेको अधिकारी, प्रदेश सरकारको हकमा प्रदेश सरकारको खानेपानी सम्बन्धी विषय हेर्ने मन्त्रालयले तोकेको अधिकारी र स्थानीय तहको हकमा स्थानीय तहले तोकेको अधिकारी सम्झनु पर्छ ।"

(२) उपदफा (३) झिक्ने ।

१२. विधेयकको दफा १३ को,-

(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्ने र त्यसपछिका उपदफाको क्रम मिलाउने:-

"(३) दफा ११ बमोजिम अनुमतिपत्रप्राप्त संस्थाले अनुमतिपत्रको अवधि समाप्त हुनुभन्दा तीन महिना अगावै तोकिएको दस्तुर सहित तोकिएको ढाँचामा नवीकरणको लागि निवेदन दिन सक्नेछ।"

(२) उपदफा (३) पछि देहायका उपदफा (४) र (५) थपी त्यसपछिका उपदफाक्रम मिलाउने:-

"(४) उपदफा (३) बमोजिम नवीकरणका लागि निवेदन दिएमा त्यस्तो अनुमतिपत्रप्राप्त संस्थालाई एक पटकमा पाँच वर्षमा नबढाई अनुमतिपत्र नवीकरण गरिदिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम नवीकरण नगराउने अनुमतिपत्रप्राप्त संस्थाको अनुमतिपत्र स्वतः रद्द हुनेछ।"

(३) उपदफा (४) क्रम मिलाउँदा कायम हुने उपदफा (६) को शुरुमा "यो ऐन प्रारम्भ हुनु अघि" भन्ने शब्दहरू थप्ने ।

(४) उपदफा (५) क्रम मिलाउँदा कायम हुने उपदफा (७) को सट्टा देहायको उपदफा (७) राख्ने:-

"(७) उपदफा (६) बमोजिम कुनै निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदनमा आवश्यक जाँचबुझ गरी आयोजनाको प्रगति हेरी उपदफा (१) को अधीनमा रही पाँच-पाँच वर्षमा नबढ्ने गरी अनुमतिपत्रको अवधि थप गर्नु पर्नेछ ।"

(५) प्रतिवेदनको बुँदा १२ को उपबुँदा (२) सहित विधेयकको उपदफा (६) झिक्ने ।

१३. प्रतिवेदनको बुँदा १५ को उपबुँदा (३) झिकी विधेयकको दफा १७ को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राख्नेः-

"(ङ) प्रदेश र स्थानीय तहले उपयुक्त सम्झेको अन्य विवरण ।"

१४. प्रतिवेदनको बुँदा १८ सहित विधेयकको साबिक दफा २२ कायम हुने दफा २१ को उपदफा (४) झिक्ने ।

१५. विधेयकको साबिक दफा २३ कायम हुने दफा २२ को उपदफा (३) झिक्ने ।

१६. विधेयकको साबिक दफा २४ कायम हुने दफा २३ को उपदफा (२) झिक्ने ।

१७. विधेयकको साबिक दफा २५ कायम हुने दफा २४ को,-

(१) उपदफा (३) पछि देहायको उपदफा (४) थपी त्यसपछिका उपदफाक्रम मिलाउनेः-

"(४) उपदफा (३) बमोजिम फोहोर पानीको व्यवस्थापन नभएसम्मका लागि सोको वैकल्पिक व्यवस्था गर्नु पर्नेछ ।"

(२) साबिक उपदफा (६) क्रम मिलाउँदा कायम हुने उपदफा (७) मा रहेका "उपदफा (५)" भन्ने शब्दहरूको सट्टा "उपदफा (६)" भन्ने शब्दहरू राखी यस उपदफा लगायत विधेयकको ठाउँ-ठाउँमा रहेको "हानी" भन्ने शब्दको सट्टा "हानि" भन्ने शब्द राख्ने ।

१८. विधेयकको साबिक दफा २९ कायम हुने दफा २८ को,-

(१) उपदफा (२) पछि देहायको उपदफा (३) थपी त्यसपछिका उपदफाक्रम मिलाउनेः-

"(३) उपदफा (२) बमोजिम अध्यक्ष तथा सदस्यको नियुक्ति गर्दा कम्तीमा एकजना महिला रहने गरी गर्नु पर्नेछ ।"

(२) साबिक उपदफा (४) क्रम मिलाउँदा कायम हुने उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्नेः-

"(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष तथा सदस्यको खराब आचरण भएमा वा निजको काम सन्तोषजनक नभएमा वा निजले आफ्नो पद अनुरुप इमानदारीपूर्वक जिम्मेवारी पूरा नगरेमा वा आयोगको हित विपरीत काम गरेमा नेपाल सरकारले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ ।

तर, यसरी हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।"

१९. प्रतिवेदनको बुँदा २५ ले विधेयकको साबिक दफा ३७ कायम हुने दफा ३६ को उपदफा (१), (२) र (३) मा गरेको संशोधनमध्ये उपदफा (१) मा गरेको संशोधन कायम राखी उपदफा (२) र (३) मा विधेयकको व्यवस्था यथावत् कायम गरी उपदफा (४) मा रहेका "दश वर्षमा" भन्ने शब्दहरुको सट्टा "पाँच वर्षमा" भन्ने शब्दहरु राख्ने ।

२०. विधेयकको साबिक दफा ३८ कायम हुने दफा ३७ को दफाशीर्षकमा रहेका "प्रशोधन गरी मिसाउनु पर्ने" भन्ने शब्दहरूको सट्टा "मिसाउन नहुने" भन्ने शब्दहरू राखी उपदफा (१) मा रहेका "जलाशय वा" भन्ने शब्दहरूको सट्टा "जलाशय, मानव वस्ती वा" भन्ने शब्दहरू राख्ने ।

२१. प्रतिवेदनको बुँदा २७ झिकी विधेयकको साबिक दफा ४५ कायम हुने दफा ४४ को सट्टा देहायको दफा ४४ राख्नेः-

"४४. अनुसन्धान गर्ने अधिकारीः दफा ४३ को उपदफा (१) बमोजिमको कसुर सम्बन्धी मुद्दाको अनुसन्धान र तहकिकात गर्ने अधिकार देहायको अधिकारीको हुनेछः-

(क) दफा ८ को उपदफा (२) को खण्ड (क) बमोजिमको जिम्मेवारी र दायित्व अन्तर्गतको भए नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अधिकारी,

(ख) दफा ८ को उपदफा (२) को खण्ड (ख) र (ग) बमोजिमको जिम्मेवारी र दायित्व अन्तर्गतको भए प्रदेश कानून बमोजिम तोकेको अधिकारी ।"

२२. प्रतिवेदनको बुँदा २९ अन्तर्गत व्यवस्था गरिएको विधेयकको साबिक दफा ५६ कायम हुने दफा ५५ को उपदफा (१) को खण्ड (ङ) पछि देहायको खण्ड (च) थपी त्यसपछिको खण्डक्रम मिलाउनेः-

"(च) सम्बन्धित विषयमा स्नातकोपाधि हासिल गरी खानेपानी तथा सरसफाइको क्षेत्रमा दश वर्षको अनुभव भएका व्यक्तिहरूमध्येबाट नेपाल सरकारले मनोनयन गरेको कम्तीमा एकजना महिला सहित तीनजना - सदस्य"

२३. विधेयकको साबिक दफा ५८ कायम हुने दफा ५७ पछि देहायको दफा ५८ थपी त्यसपछिका दफाक्रम मिलाउनेः-

"५८. ऐन कार्यान्वयन मापनः यो ऐन प्रारम्भ भएको पाँच वर्ष पूरा भएको एक वर्षभित्र र तत्पश्चात् प्रत्येक पाँच वर्ष पूरा भएको एक वर्षभित्र मन्त्रालयले ऐन कार्यान्वयनको मापन गर्नेछ र सोको प्रतिवेदन संघीय संसदको दुवै सदनको सम्बन्धित समितिमा पेश गर्नु पर्नेछ ।"

२४. विधेयकको दफा ५९ को सट्टा देहायको दफा ५९ राख्ने ।

"५९. नियम बनाउने अधिकारः (१) यस ऐनको कार्यान्वयनको लागि नेपाल सरकारले देहायको विषयहरूमा नियमहरू बनाउन सक्नेछ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायका विषयमा नियम बनाउन सकिनेछः-

(क) खानेपानी तथा सरसफाई सेवाको सञ्चालन तथा व्यवस्थापन,

(ख) स्वच्छ तथा गुणस्तरीय खानेपानी वितरण सम्बन्धी,

(ग) खानेपानी तथा सरसफाई सेवाको अनुमतिपत्र तथा सर्वेक्षण अनुमतिपत्र दस्तुर, नवीकरण शुल्क सम्बन्धी,

(घ) खानेपानी तथा सरसफाई सेवाको महशुल निर्धारण,

(ङ) धारा तथा मिटर जडान सम्बन्धी,

(च) ढल सेवाको शुल्क सम्बन्धी,

(छ) पानीको थोक खरिद तथा विक्री सम्बन्धी,

(ज) खानेपानीको गुणस्तर तथा मापदण्ड,

(झ) प्रयोगशालाको स्थापना तथा सञ्चालन सम्बन्धी,

(ञ) खानेपानी निर्यात तथा व्यापार सम्बन्धी,

(ट) समन्वय समितिको काम कर्तव्य र अधिकार सम्बन्धी,

(ठ) खानेपानी तथा सरसफाई सेवाको अनुगमन तथा नियमन, र

(ड) ऐन कार्यान्वयन गर्न आवश्यक पर्ने अन्य विषयहरू ।"

(मनोजकुमार गिरी)
सचिव

(नारायण दत्त मिश्र)
समितिका ज्येष्ठ सदस्य

मितिः २०७९/०४/११